प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय

प्रदेश नं. १, विराटनगर, नेपाल

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७६/०४/२३ गते**

यस निर्देशनालयको आ.व २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि तोकिए बमोजिमका सर्तहरु पालना गर्ने गरी यस प्रदेशमा रहेका तपसिल अनुसारका साझेदार निकायहरुले सुचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र कार्यालय समयमा प्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

थप जानकारीका लागि पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको फोन नं ०२१-४३०९२४/४७१७५८ मा सम्पर्क राख्नु हुन वा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय १ नं प्रदेश बिराटनगरको वेबसाइट **www.molmac.p1.gov.np** **बाट मत्स्य ह्याचरी निर्माण एवं व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५, चिलिङ भ्याट स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५, गाई/भैंसी श्रोत केन्द्र विकास कार्यक्रम संचालन कार्यविधि २०७६ र बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम संचालन कार्यविधि २०७६ डाउनलोड गरी थप जानकारी लिन सक्नुहुनेछ।**

तपसिल :

| क्र.सं. | कार्यक्रमको नाम | | अनुदान रकम रु. | सम्भावित साझेदार निकाय | प्रस्ताव दस्तुर |
|---|---|---|---|---|---|
| १ | (मत्स्य विकास प्रवर्द्धन कार्यक्रम) मत्स्य ह्याचरी निर्माण एवं व्यवस्थापन कार्यक्रम | ३ | प्रति ह्याचरी ३० लाख | - व्यवसायिक निजि कृषक/उद्यमी<br>- कृषक समुह/समिति<br>- सहकारी संघ/संस्था<br>- फर्म/कम्पनी<br>- व्यवसायिक संघ/संगठन | ३००/- |
| २ | २००० लिटरको चिलिङ भ्याट जेनेरेटर सहितमा अनुदान | ४ | प्रति गोटा १० लाख | - दुग्ध व्यवसायिक संघ/संस्था<br>- सहकारी संस्था<br>- फर्म/कम्पनी<br>- निजि उद्यमी/व्यवसायी | ३००/- |
| ३ | १००० लिटरको चिलिङ भ्याट जेनेरेटर सहितमा अनुदान | ४ | प्रति गोटा ८ लाख | - दुग्ध व्यवसायिक संघ/संस्था<br>- सहकारी संस्था<br>- फर्म/कम्पनी<br>- निजि उद्यमी/व्यवसायी | ३००/- |
| ४ | गाईको श्रोत केन्द्र स्थापना कार्यक्रम | १ | ७५ लाख | - दुग्ध उत्पादक कृषक समुह/समिति<br>- कृषि/पशुपालनमा आवद्ध सहकारी संघ/संस्था<br>- दुग्ध व्यवसायिक संघ/संस्था<br>- व्यवसायीक संघ/संगठन (पशुपालन क्षेत्रमा कृयाशिल) | ५००/- |
| ५ | बाख्राको श्रोत केन्द्र स्थापना कार्यक्रम | १ | ५० लाख | - कृषि/पशुपालनमा आवद्ध सहकारी संघ/संस्था<br>- बाख्रा पालन/पालक व्यवसायिक संघ/संस्था<br>- बाख्रा पालक कृषक समुह/समिति | ५००/- |

**प्रस्ताव साथ संलग्न हुनुपर्ने कागजातहरु:**

१. तोकिए बमोजिमको राजस्व तिरेको रसिद
२. अनुसुचिमा तोकिए बमोजिमको आवेदन, व्यवसायीक योजना, प्रतिवद्धता पत्र र स्वघोषणा पत्र
३. भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र
४. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपी।
५. लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० वर्षको करारनामा वा सम्झौता पत्र।
६. प्रचलित कानून बमोजिम अधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता नविकरण गरेको प्रतिलिपी
७. मूल्य अभिबृद्धी कर (VAT) वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी।
८. सहकारी/साझेदारीको हकमा संचालक समितिको निर्णयको प्रतिलिपी।
९. अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि तथा कर चुक्ता गरेको प्रतिलिपि।
१०. व्यवसाय योजना मुताबिकको डिजाइन र लागत अनुमान तथा कार्यान्वयन स्थलको फोटो।
११. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

**नोट: प्रस्ताव बुझाउन सकने कार्यालय तथा स्थानहरु:**

१. पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय बिराटनगर

०७६/०४/२३
निमित्त निर्देशक